नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी कल्याण शाखा)

पत्र संख्या : ०८२/०८३

चलानी नं. : ६५

मिति २०८२/१२/१

नेपाल संवतः ११४६

श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं ।

श्री मन्त्रालय/ आयोग/ सचिवालय/ कार्यालय सबै ।

श्री प्रदेश प्रमुखको कार्यालय, ७ वटै प्रदेश ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ७ वटै प्रदेश ।

श्री स्थानीय तह, ७५३ वटै ।

श्रीमान् सचिवज्यूको सचिवालय (उद्योग)
दर्ता नं.: ४६८
दर्ता मिति: २०८२/१२/०२

**विषयः जानकारी गराइदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने कार्यक्रमको आवेदनको लागि १५ दिनको म्याद दिई मिति २०८२/१२/१ मा विस्तृत सूचना मन्त्रालयको वेवसाइट (https://mofaga.gov.np/detail/3889) मा र संक्षिप्त सूचना सोही मितिको गोरखापत्रमा प्रकाशन भएकोले त्यहाँ अन्तर्गतको कर्मचारीहरुलाई जानकारी गराइदिनुहुन आदेशानुसार अनुरोध छ ।

(सीता देवि थापा)
शाखा अधिकृत

सिंहदरवार, काठमाण्डौं ०१-४२००३०९
इमेलः emp.welfare.section@mofaga.gov.np वेबसाइटः http://www.mofaga.gov.np

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको सचिवालयको

## निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्तिको लागि दरखास्त दिने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमको अधिनमा रही "**निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७८" (पहिलो संशोधन २०७९ सहित)** बमोजिम निजामती कर्मचारीका सन्ततिलाई स्वदेशमा उच्च शिक्षा अध्ययनका लागि शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने प्रयोजनका लागि निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा व्यवस्थापिका-संसद् सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिमको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी र निजामती सेवाको पदबाट निवृत्तभरण पाउने अवधि पूरा भई अवकाश भएको वा निजामती सेवाबाट संवैधानिक निकायको पद वा न्यायाधीशको पदमा नियुक्ति भई वहाल रहेको त्यस्तो पदाधिकारी वा न्यायाधीशका तपसिलमा उल्लिखित योग्यता भएका सन्ततिले देहाय बमोजिमका कागजात तथा विवरणहरु संलग्न गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र **शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको** सचिवालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारमा आइपुग्ने गरी www. santati.mofaga.gov.np मार्फत निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा अनलाइन दरखास्त (Online Application) पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

**१. शैक्षिक प्रोत्साहन वृत्तिको लागि आवश्यक योग्यताः**

(क) दश जोड दुई वा सो सरहको परीक्षामा कम्तीमा GPA २.४ वा पचास प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरी उत्तीर्ण भएको,

(ख) स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त स्वदेशी शिक्षण संस्थामा भर्ना भई स्नातक वा सो सरहको तहमा प्रथम वर्षमा वा प्रथम सेमेष्टर वा दोस्रो समेष्टरमा अध्ययन गरिरहेको वा दरखास्त दिने अन्तिम मिति सम्म स्नातक तह वा सो सरहको प्रथम वर्ष वा दोस्रो समेष्टरको प्रयोगात्मक परीक्षा बाहेकको अन्तिम परीक्षा दिईरहेको,

(ग) पच्चीस वर्ष उमेर पूरा नभएको,

(घ) निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्य सार्वजनिक सेवाको पदमा स्थायी नियुक्ति नभएको।

**२. दरखास्तसाथ देहाय वमोजिमका कागजातहरुको सक्कलको Scan Copy अनिवार्य रुपमा upload गर्नुपर्नेछः-**

(क) नागरिकता प्रमाण-पत्र (हालको स्थायी ठेगाना फरक भएमा बसाइसराई प्रमाणपत्र समेत),

(ख) प्रवेशिका (SLC/SEE) र १०+२ को शैक्षिक प्रमाण पत्रहरु (लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण पत्र),

(ग) अभिभावक कर्मचारी कार्यरत रहेको **कार्यालयको सिफारिश पत्र (www.mofaga.gov.np मा उपलब्ध भएको ढाँचा बमोजिम)** तथा सेवा निवृत्त भएका कर्मचारीको हकमा **निवृत्तिभरण अधिकार पत्र** वा अवकाश पत्र,

(घ) सामुदायिक वा सरकारी उच्च माविबाट उच्च माध्यमिक शिक्षा वा सो सरहको परीक्षा उत्तिर्ण गरेकोमा राष्ट्रिय परीक्षा बोर्ड वा सो अन्तर्गतको कार्यालय वा सम्बन्धित स्थानीय तह वा शिक्षा विकास तथा समन्वय एकाईले सम्वन्धित शिक्षण संस्था सामुदायिक वा सरकारी हो भनी गरेको **सिफारिश पत्र**,

(ङ) अध्ययनरत शिक्षण संस्था (कलेज/क्याम्पस) को **सिफारिश पत्र (www.mofaga.gov.np मा उपलब्ध भएको ढाँचा वमोजिम), भर्ना रसिद र फि-स्ट्रक्चर,**

(च) सरकारी कामकाजको सिलसिलामा मृत्यु भएका कर्मचारीको सन्ततिको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणित पत्र वा घटना पुष्टि हुने सरकारी कागजात,

(छ) समावेशी प्रमाणित गर्ने कागजात,

(ज) नागरिकतावाट अभिभावक कर्मचारी र सन्तति विद्यार्थीको नाता खुल्न नसकेको खण्डमा नाता प्रमाणित प्रमाणपत्र,

(झ) वहालवाला कर्मचारीको हकमा परिचयपत्रको प्रतिलिपि,

(ञ) अभिभावक कर्मचारी र अध्ययनरत सन्ततिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

३. शैक्षिक प्रोत्साहन वृत्ति प्रासिका लागि झुट्टा विवरण पेश गरी दरखास्त दिएको पाइएमा कानून बमोजिम कारवाही हुनेछ ।

४. निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउँदा निर्देशिकाको दफा ११ बमोजिम प्राप्त हुने दरखास्तका आधारमा शैक्षिक प्रोत्साहन वृत्ति प्रदान गरिने शैक्षिक सङ्काय, संख्या र रकम तथा दफा ६ बमोजिमको समावेशी कोटा निर्धारण गरिनेछ ।

५. सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानून तथा स्वीकृत निर्देशिका बमोजिम हुनेछ ।


थप जानकारीको लागि

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

कर्मचारी कल्याण शाखा

सिंहदरवार, काठमाडौं।

फोनः ४२००३०९

ईमेलः emp.welfare.section@mofaga.gov.np

www.mofaga.gov.np

www.santati.mofaga.gov.np